# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः १२, भाद्र २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि (प्रमथ संशोधन), २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।५।२२

व्यास नगरपालिकाको आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. -दफा ३ (२) नेपाल सरकारले दीर्घ रोग भनी किटान गरेका निको नहुने रोग लागिको मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित रोग लागेको प्रमाण सहित निवेदन पेश गरेमा नगर कार्यपालिका वोर्डको निर्णय अनुसार रु.१५००। देखि रु.१५,०००। सम्म निज वा निजको हकवालालाई अधिकार प्राप्त अधिकारीले रकम उपलब्ध गराउन आदेश दिनुपर्नेछ । साथै कार्यपालिका बोर्डले नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गरेमा सोही बमोजिम हुनेछ । यसरी दीर्घ रोगीहरुलाई उपलब्ध गराउने आर्थिक सहायता नगरपालिका भित्रकालाई रु.१५,०००। र नगरपालिका बाहिरकालाई अधिकत्तम रु.१०,०००। मात्र हुनेछको सट्टा नेपाल सरकारले दीर्घ रोग भनी किटान गरेका निको नहुने रोग लागेको मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित रोग लागेको प्रमाण सहित सम्बन्धित व्यक्तिको निवेदन, न्यून आर्थिक अवस्था भएको वडा कार्यालयको सिफारिस

एवं स्वास्थ्य शाखाको राय भएमा अप्रेशन खर्च वा गम्भिर उपचार खर्च वापत एक पटक मात्र व्यास नगरपालिकामा मतदाता नामावलीमा नाम भएका बिरामीलाई बढीमा रु.१५,०००। (पन्ध्र हजार) सम्म उपचार खर्च उपलब्ध गराउन सकिने छ । दीर्घ रोगी मध्ये मृगौला असफल भई डाइलासिस गर्नुपर्ने बिरामी भएमा नगरवासीलाई यातायात खर्च वापत डाइलासिस गरिएको अवधि भर मासिक रु.१,०००। (एक हजार) उपलब्ध गराइने छ भन्ने राखिएको छ ।

आज्ञाले

डिल्लीराम सिग्देल

प्रमुख प्रशासकीय अधिकृत